# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
(सेवा आयोगको काम, कर्तव्य र अधिकार; अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त एवं बैठक सञ्चालन कार्यविधि सम्बन्धी)
# नियमावली, २०६७

लागू मिति : २०६७/१२/२७

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सेवा आयोगको काम, कर्तव्य र अधिकार; अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु एवं बैठक सञ्चालन कार्यविधिका सम्बन्धमा सभाले देहायका नियमहरु बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम "पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (सेवा आयोगको काम, कर्तव्य र अधिकार; पदाधिकारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त एवं बैठक सञ्चालन कार्यविधि सम्बन्धी) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ र सो अन्तर्गत बनेका अन्य नियम, विनियम र निर्देशिकामा परिभाषा गरिएका कुराहरु यस नियमावलीमा समेत लागू हुने गरी, यस नियमावलीमा :
(क) "ऐन" भन्नाले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ सम्झनु पर्छ ।
(ख) "अध्यक्ष" भन्नाले ऐनको दफा १३ को उपदफा (२) (क) मा उल्लेखित सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ ।
(ग) "सदस्य" भन्नाले ऐनको दफा १३ को उप-दफा (२) (ख) र (ग) मा उल्लेखित सदस्यहरु सम्झनु पर्छ ।
(घ) "सेवा आयोग" भन्नाले ऐनको दफा १३ बमोजिम गठित सेवा आयोग सम्झनु पर्छ ।
(ङ) "कर्मचारी" भन्नाले प्रतिष्ठानको सेवामा बहाल रहने शिक्षक तथा कर्मचारी सम्झनु पर्छ ।

३. **नियमको व्याख्या** : यस नियमावलीको व्याख्या गर्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

## परिच्छेद २
## सेवा आयोगको काम कर्तव्य र अधिकार

४. **सेवा आयोगको काम कर्तव्य र अधिकार** : सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कर्मचारीको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने,

(ख) कर्मचारीको सेवा शर्त सम्बन्धमा परामर्श दिने,

(ग) खुल्ला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने भनी कार्यकारी परिषद्द्वारा निर्धारण गरिएका पदसंख्या अनुसारको पदपूर्तिको लागि परीक्षाको किसिम निर्धारण गर्ने र त्यस्तो परीक्षा सञ्चालन गर्ने,

(घ) कर्मचारीको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावलीमा लेखिएका योग्यता पूरा गरेका उम्मेदवारहरुबीच सञ्चालन गरिने खुल्ला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने,

(ङ) कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गरिने पदमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा बढुवाको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने,

(च) प्रतिष्ठानलाई आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाका लागि आवश्यक परिक्षक र विशेषज्ञहरुको नियुक्ति गर्ने र उनीहरुको पारिश्रमिक तोक्ने,

(छ) सेवा आयोगको सचिवालयको काम कारवाहीको निरीक्षण तथा जाँचबुझ गर्ने,

(ज) कर्मचारीको सेवाको एक समूह तथा उप-समूहबाट अर्को समूह तथा उप-समूहमा परिवर्तन गर्ने सम्बन्धमा राय परामर्श दिने,

(झ) कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी बिषयमा प्रतिष्ठानको कार्यकारी परिषद्ले अनुरोध गरेमा आवश्यक राय सुझाव दिने ।

५. **कार्यविधि बनाई लागू गर्न सक्ने** : सेवा आयोगले कर्मचारीको नियुक्ति तथा बढुवाका सम्बन्धमा कार्यकारी परिषद्को सहमतिमा आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

६. **बार्षिक प्रतिवेदन** : सेवा आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफ्नो बार्षिक प्रतिवेदन तयार पारी प्रतिष्ठानमा पेश गर्नेछ ।

**७. पुनरावेदन सम्वन्धी व्यवस्था :** (१) सेवा आयोगको काम कारवाही प्रति कसैलाई चित्त नबुझेमा कार्यकारी परिषद्द्वारा गठित एक (१) वा तीन (३) सदस्यीय पुनरावेदन समिति समक्ष उजुरी दिन सक्नेछ । यसरी उजुरी दिने उजुरीवालाले स्पष्ट रुपमा आधार समेत खुलाउनु पर्नेछ । उजुरीको सम्बन्धमा उजुरी सुन्ने अधिकारीले बिषयवस्तुको संवेदनशीलता हेरी बढीमा एक महिनाभित्र छानबिन कार्य समाप्त गरी सो को सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित पुनरावेदन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद ३

## सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि

**८. सेवा आयोगको बैठक :**

(१) सेवा आयोगको बैठक सेवा आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सेवा आयोगको सचिवले बोलाउनेछ ।

(२) सेवा आयोगको अध्यक्षको निर्देशनमा सचिवले बैठकको कार्यसूचीसँग सम्वद्ध विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्नेछ ।

(३) सेवा आयोगको बैठकमा छलफल गरिने विषयको कार्यसूची बैठक शुरु हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै अध्यक्षको निर्देशानुसार सेवा आयोगको सचिवले सेवा आयोगको अध्यक्ष तथा सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा दुवै सदस्यको उपस्थितिमा बैठक बस्नेछ ।

तर अध्यक्ष सहितको अर्को एक सदस्य उपस्थित भएको अवस्थामा आयोगको बैठक बसी काम कारवाही सञ्चालन गर्न वाधा पुऱ्याएको भने मानिने छैन ।

(५) सेवा आयोगको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यबिधि सेवा आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. बैठकको अध्यक्षता :** सेवा आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

**१०. सेवा आयोगको निर्णय :** सेवा आयोगको बैठकमा कुनै कार्यसूचीको सम्बन्धमा छलफल हुँदा सर्वसम्मत हुन नसकेका विषयमा मतदान हुँदा बैठकमा उपस्थित सदस्यहरूको बहुमतको रायलाई सेवा आयोगको निर्णय मानिनेछ ।

**११. निर्णय पुस्तिका :** (१) बैठकमा छलफल भई निर्णय भएका कुराहरू सचिवले निर्णय पुस्तिकामा जनाई निर्णय गर्ने पदाधिकारीहरुको हस्ताक्षरद्वारा प्रमाणित गराउनु पर्नेछ ।

(२) सेवा आयोगको सचिवले बैठकको निर्णयहरु जतिसक्दो छिटो सेवा आयोगका सबै पदाधिकारीहरुको अतिरिक्त आवश्यक व्यक्ति तथा निकायलाई जानकारी गराउन वा उपलव्ध गराउनु पर्नेछ ।

**१२. सेवा आयोगको सचिव :** सेवा आयोग सचिवालयको सचिवको काम गर्न कार्यकारी परिषद्को परामर्शमा उपकुलपतिले कुनै अधिकृत कर्मचारीलाई तोक्नेछ ।

## परिच्छेद ४

## अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु

**१३. पारिश्रमिक तथा अन्य सुविधा** : (१) अध्यक्ष तथा सदस्यले अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा अन्य सुविधाहरु पाउने छन् ।

(२) उपनियम (१) मा उल्लेखित पारिश्रमिक तथा सुविधाहरु यो नियमावली प्रारम्भ भएको मितिदेखि लागू हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि अध्यक्ष तथा सदस्यले प्रतिष्ठान वा अन्य कुनै संस्थाको काम समेत गरेमा निजले प्रतिष्ठान वा त्यस्तो संस्थाबाट पाउने पारिश्रमिक यस परिच्छेदमा उल्लेख भए बमोजिम पाउने पारिश्रमिकमध्ये जुन वढी हुन्छ सोही मात्र पाउनेछ ।

(४) यस नियम बमोजिम पाउने पारिश्रमिकबाट दश (१०) प्रतिशतका दरले कट्टा गरी सो बराबरको रकम थप गरी प्रतिष्ठानले कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

(५) यस नियम बमोजिम पाउने एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च वापत पाउनेछ ।

**१४. दैनिक तथा भ्रमण भत्ता** :

(१) सेवा आयोगको कामको शिलशिलामा अध्यक्ष तथा सदस्यले रात विताउने गरी स्वदेश तथा विदेशको भ्रमण गर्नु परेमा अनुसूची-२ मा तोकिए बमोजिमको दैनिक भत्ता दिईनेछ । यस्तो भ्रमण कार्यकारी परिषद्ले स्वीकत गरे वमोजिम हुनेछ ।

(२) सेवा आयोगको कामको शिलशिलामा अध्यक्ष तथा सदस्यले विदेश भ्रमण गर्दा सिधा उडानको इकनोमी क्लासको हवाई टिकट वा रेल वा मोटरबाट यात्रा गर्दा विल बमोजिमको वास्तविक खर्च उपलब्ध गराईनेछ ।

(३) सेवा आयोको कामको शिलशिलामा अध्यक्ष तथा सदस्यले स्वदेश भ्रमण गर्दा हवाई टिकट वा मोटरको प्रयोग गरी यात्रा गर्दा विल बमोजिमको वास्तविक खर्च वा सवारी चालक तथा ईन्धन वापतको रकम उपलब्ध गराईनेछ ।

**१५. विदा** : अध्यक्ष तथा सदस्यले अनुसूची-३ मा उल्लेख गरिए बमोजिमका बिदा पाउनेछ ।

**१६. उपचार खर्च** : अध्यक्ष तथा सदस्यले अनुसूची-४ मा उल्लेख गरिए बमोजिमको औषधि उपचार खर्च पाउनेछ ।

**१७. उपदान** : प्रतिष्ठानमा एकवर्ष वा सोभन्दा बढी अवधि सेवा गरी निवृत हुने अध्यक्षले आफूले गरेको सेवा वापत प्रत्येक एक बर्षको लागि निजले तत्कालीन खाईपाई आएको एक महिनाको तलब वरावरको रकम उपदान वापत पाउनेछ ।

## परिच्छेद ५

## विविध

**१८. शपथ ग्रहण :** अध्यक्ष तथा सदस्यमा नियुक्त हुने व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि अनुसूची-५ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

**१९. समिति वा उप-समिति गठन गर्न सक्ने :** (१) सेवा आयोगले आफ्नो उद्देश्यसंग सम्बन्धित कुनै कामका सम्बन्धमा आवश्यकतानुसार समिति, उप-समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समिति, उप-समिति वा कार्यदलको संयोजक, सदस्य, सदस्य-सचिव र सो को काम, कर्तव्य, अधिकार तथा कार्यविधि सेवा आयोगले तोकिदिए बमोजिम हुनेछ ।

**२०. अधिकार प्रत्यायोजन :** सेवा आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकारमध्ये केही काम सेवा आयोगका अध्यक्ष, सदस्य वा कर्मचारी वा नियम १९ (१) बमोजिम गठित समिति, उप-समिति वा कार्यदललाई अधिकार प्रत्यायोजन गरी कार्य सम्पादन गर्ने गराउने व्यवस्था गर्न सक्नेछ ।

**२१. सेवा आयोगको कर्मचारी :** सेवा आयोगको लागि आवश्यक जनशक्तिको व्यवस्था कार्यकारी परिषद्ले गर्नेछ ।

**२२. काम कारवाही मान्य हुने :** यो नियमावली प्रारम्भ हुनु अगावै सेवा आयोगले गर्नुपर्ने काम प्रतिष्ठानको अन्य पदाधिकारी वा निकायबाट भए गरेको पाईएमा त्यस्तो काम कारवाही यसै नियमावली बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

**२३. पदबाट हटाउन सक्ने :** (१) सेवा आयोगको अध्यक्षले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा वा पद अनुरुपको आचरण नगरेमा वा ईमान्दारीपूर्वक आफ्नो कर्तव्य पुरा गरेको छैन भनी ऐनको दफा ७ बमोजिम गठन भएको सभामा तत्काल कायम रहेको एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य दुई जना सदस्य रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ । यदि पदीय जिम्मेवारी पुरा नगरेको वा ईमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी छानबिन समितिले प्रतिवेदन पेश गरी सभाको बैठकले स्वीकृत गरेमा अध्यक्ष पदबाट हटाईनेछ ।

(२) ऐनको दफा १३ उप-दफा (२) (ग) वमोजिम नियुक्त सदस्यले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा वा पद अनुरुपको आचरण नगरेमा वा ईमान्दारीपूर्वक आफ्नो कर्तव्य पुरा गरेको छैन भनी कार्यकारी परिषद्मा तत्काल कायम रहेको एक चौथाई सदस्यले उपकुलपति समक्ष लिखित निवेदन दिएमा उपकुलपतिले कार्यकारी परिषद्को कुनै एक सदस्यको अध्यक्षतामा कार्यकारी परिषद्कै अन्य दुई जना सदस्य रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ । यदि पदीय जिम्मेवारी पुरा नगरेको वा ईमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी छानबिन समितिले प्रतिवेदन पेश गरेमा त्यस्तो सदस्यलाई सम्बन्धित पदबाट तुरुन्त हटाईनेछ । तर ऐनको दफा १३ को उप-दफा (२) (ख) बमोजिम सदस्यको हकमा नीजको सेवा सन्तोषजनक नपाइएमा लोक सेवा आयोगमा आवश्यक कारवाहीका लागि पठाई अर्को सदस्य तोकी पठाउन अनुरोध गरिनेछ ।

(३) उप-नियम (२) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित व्यक्तिलाई निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका प्रदान गरिनेछ ।

(४) उप-नियम (१) र (२) बमोजिम छानबिन समिति गठन भएपछि अन्तिम टुङ्गो नलागेसम्म सम्बन्धित व्यक्ति आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ ।

**२४. विनियम तथा निर्देशिका :** सेवा आयोगले ऐन र यस नियमावलीको परिधिभित्र रही कार्यकारी परिषद्को परामर्शमा आवश्यक विनियम तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**अनुसूची-१**

**(नियम १३ (१) संग सम्बन्धित)**

अध्यक्ष तथा सदस्यले मासिक पारिश्रमिक तथा अन्य सुविधा निम्न वमोजिम व्यवस्था गरिएको छ-

| पदाधिकारी | मासिक पारिश्रमिक | मासिक सञ्चार सुविधा | मासिक सवारी सुविधा | बैठक भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| अध्यक्ष | ७७,६१६।- | २,०००।- | १०,०००।- | - | २०७१ श्रावण १ गतेदेखि लागू हुने गरी मासिक परिश्रमिकमा ५% थप भएको । |
| सदस्य | - | २,०००।- | ३,०००।- | १,२००।- | लोकसेवा आयोगको प्रतिनिधि सदस्यको हकमा । |
| सदस्य | - | २,०००।- | ३,०००।- | - | शिक्षक सदस्यको हकमा । |

**अनुसूची-२**

**(नियम १४ संग सम्बन्धित)**

**अध्यक्ष तथा सदस्यले पाउने दैनिक तथा भ्रमण भत्ता**

१. स्वदेश भ्रमणको लागि दैनिक १,५००।- रुपैया भत्ता दिईनेछ । तर लगातार पन्ध्र दिनभन्दा बढी अवधिको भ्रमणको लागि सोह्रौ दिनदेखि भ्रमणको बाँकी अवधिसम्मको लागि दैनिक उक्त रकमको पचहत्तर प्रतिशतको दरले हुन आउने रकम वरावरको दैनिक भत्ता दिईनेछ ।

२. विदेश भ्रमणको लागि देहाय बमोजिमको मुलुकको लागि देहाय बमोजिमको दरमा दैनिक भत्ता दिईनेछ । तर लगातार दश दिनभन्दा बढी अवधिको भ्रमणको लागि एघारौ दिन देखि भ्रमणको बाँकी अवधिसम्मको लागि उक्त दरको पचहत्तर प्रतिशतको दरले हुन आउने रकम वरावरको दैनिक भत्ता दिईनेछ ।

| पदाधिकारी | मुलुक १ | मुलुक २ | मुलुक ३ |
|---|---|---|---|
| | यूरोप, अमेरिकाका मुलुक, जापान, अष्ट्रेलिया | कोलम एक र तीनमा उल्लेखित मुलुक बाहेकका अन्य मुलुक | भारत |
| अध्यक्ष | | | |
| सदस्य | यु.एस. डलर १५० | यु.एस. डलर १२० | भा.रु २,०००।- |

द्रष्टव्यः विदेशी सरकार वा कुनै संघ संस्थाको आमन्त्रणमा वस्ने खाने वन्दोवस्त भएकोमा माथि उल्लेखित दरको पच्चीस प्रतिशतले हुन आउने रकम मात्र पकेट खर्च वापत उपलब्ध गराईनेछ ।

अनुसूची-३

**(नियम १५ संग सम्बन्धित )**
**अध्यक्षले पाउने विदा**

(क) प्रतिष्ठानको कार्यकारी परिषद्ले तोके बमोजिमको सार्वजनिक विदा,

(ख) प्रत्येक वर्ष पर्व विदा ६ दिन र भैपरी आउने विदा ६ दिन,

(ग) काम गरेको बाह्र दिनको एक दिनको दरले घर विदा पाउनेछ । भैपरी आउने विदा, पर्व विदा र सार्वजनिक विदाको दिनलाई समेत घर विदाको प्रयोजनको लागि काम गरेको दिन मानिनेछ ।

(घ) प्रत्येक वर्ष बाह्र दिनको दरले बिरामी विदा पाउनेछ र त्यस्तो विरामी विदा पूर्ण रुपमा सञ्चित हुनेछ ।

(ङ) अध्यक्षले किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा पन्ध्र दिन किरिया विदा लिन पाउनेछ । अध्यक्ष महिला भएको अवस्थामा निजको पतिले किरिया बस्नु परेमा पनि किरिया विदा दिईनेछ ।

(च) अध्यक्ष आफ्नो पदबाट अवकाश पाएमा सञ्चित रहेको घर विदा र बिरामी विदाको गणना गरी निज सो पदमा रहँदा प्राप्त गरेको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ । पदमा बहाल छँदै मृत्यु भएमा त्यस्तो रकम निजको परिवारको सदस्यले पाउनेछ ।

(छ) अध्यक्षले पर्व विदा र भैपरी आउने विदा आफैले लिन सक्नेछ । किरिया विदा, घर विदा र बिरामी विदा उपकुलपतिले स्वीकृत गर्नेछ ।

**अनुसूची-४**

**(नियम १६ संग सम्बन्धित)**

**अध्यक्ष तथा सदस्यले पाउने औषधि उपचार खर्च**

(क) स्वदेशको अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरीद गरेको औषधि खर्च, तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डायग्नेसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ख) कस्मेटिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल वमोजिमको खर्च,

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि बिल बमोजिमको खर्च ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष तथा सदस्यले बार्षिक २०,०००।- सम्म बिल वमोजिम उपचार खर्चको सोध्भर्ना पाउनेछ ।

**अनुसूची-५**

**(नियम १८ संग सम्बन्धित)**
**शपथ ग्रहणको ढाँचा**

म ................................................................ ईश्वरको नाममा / सत्य निष्ठा पूर्वक शपथ लिन्छु कि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको अध्यक्ष/सदस्यको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी, लोभ लालच मोलाहिजा नगरी, अनुशासनमा रही सम्पादन गर्नेछु । मैले आफ्नो कार्यसम्पादनको शिलशिलामा जानकारीमा आएको कुरा प्रचलित कानूनको व्यवस्थाका अधिनमा रही अधिकृत व्यक्तिलाई वाहेक अरु कसैलाई म अध्यक्ष/सदस्यको पदमा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| **शपथ ग्रहण गर्ने पदाधिकारीको** | **शपथ ग्रहण गरेको प्रमाणित गर्ने उपकुलपति/अध्यक्षको** |
|---|---|
| (क) नामः | (क) नामः |
| (ख) दस्तखतः | (ख) दस्तखतः |
| (ग) पदः | (ग) पदः |
| (घ) मितिः | (घ) मितिः |